उत्तरगया गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/११/१४

प्रस्तावना

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिकाबीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न " उत्तरगया गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७९ (पहिलो संशोधन) को परिच्छेद ५ को दफा १४ को अधिनमा रही यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :-

(क) यस कार्यविधिको नाम " **उत्तरगया गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९**" रहेकोछ ।

(ख) यो कार्यविधि **उत्तरगया गाउँपालिका** क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यविधि" भन्नाले "उत्तरगया गाउँपालिकाका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९"लाई सम्झनु पर्छ ।

ख) "कार्यक्रम" भन्नाले साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ (पहिलो संशोधन) को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

ग) "अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृङ्खला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने वस्तुगत सहायता, सिपविकास तालिम, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनुपर्दछ ।

घ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ ।

ङ) "साझेदार " भन्नाले उत्तरगया गाउँपालिकाले कार्यक्रम संचालन गर्नका लागि छनोट भएको निकाय बुझिन्छ ।

परिच्छेद २
साझेदारी कार्यक्रमका क्षेत्र

४. साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन्:-

क) कृषि

ख) पशु विकास

ग) कृषि पर्यटन

घ) साना किसानद्धारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण

ङ) स्थानीय उत्पादनको संकलन, प्रशोधन तथा बजारीकरण

परिच्छेद ३

साझेदार छनौट प्रकिया

५.साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन्:-

क) साझेदारीको लागि छनौट गरिएका कार्यक्रम वा योजनाको छनौट गरी गाउँसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

ख) खुला रुपमा **अनुसूची १** बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्नेः

१. बीस लाख भन्दा बढी दश करोड रुपैयाँसम्म लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नु परेमा राष्ट्रियस्तरको आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ । सो सम्बन्धि आशयपत्र संकलन गर्न कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

२. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् ।

३. आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा उत्तरगया गाउँपालिकाले पुनः सूचना प्रकाशन गरी ७ दिनको अवधि दिई आशयपत्र माग गर्नुपर्नेछ ।

४. दोस्रो पटक वाट कुनै पनि आशयपत्र पेश नभएको अवस्थामा पेश भएका आशयपत्र हरुको सुचि प्रकाशन गरि मूल्यांकन गरिनेछ ।

५. आशयपत्रदाताले खुलाउनु पर्ने विवरणः

क.व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन

ख. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण ।

ग. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

६. यस कार्यविधि बमोजिम पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी उत्तरगया गाउँपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:

क.आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ ।

ख. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

७. प्रस्ताव माग गर्नेः दफा ५(४) बमोजिम संक्षिप्त सूची तयार भएपछि उत्तरगया गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयदाताहरुलाई कम्तिमा १५ दिनको समय दिई सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ । आशयदाताहरुले **अनुसुची २** बमोजिम प्रस्ताव सम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः

क.साझेदारी कार्यक्रमको प्रकृति, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम

ख. **अनुसूची ३** बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा बन्दी गरी माग गरिएका साझेदारीको विषय उल्लेख गर्नपर्नेछ,

ग. प्राविधिक तथा आर्थिक मूल्यांकन भार,

घ. प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,

ङ प्रस्ताव छनौट विधि,

च. तोकिए बमोजिमका अन्य कुरा ।

माधवप्रसाद अर्याल
अध्यक्ष

८. प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु देहाय बमोजिमका कुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनुपर्नेछः

क.साझेदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव

ख. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर

ग. प्रस्तावित मुख्य जनशक्तिको योग्यता

घ. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था

९. प्रस्तावको छनौट **अनुसुचि** ४ बमोजिम गुणस्तर र लागत विधिबाट गरिनेछ जस अन्तर्गत प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

१०. कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार (७०) सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार(३०) तीस हुनेछ ।

परिच्छेद ४

कार्यक्रम संचालन ,व्यवस्थापन तथा नियन्त्रण

११. साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, नियन्त्रण अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-

क)उत्तरगया गाउँपालिका अध्यक्ष -संयोजक

ख) उत्तरगया गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) कार्यक्रम सञ्चालन हुने वडाका वडा अध्यक्ष- सदस्य

घ) साझेदार संस्थाको प्रतिनिधि १ जना- सदस्य

ङ)योजना शाखा प्रमुख - सदस्य

च) सम्बन्धित विषयगत शाखा प्रमुख- सदस्य सचिव

१२. साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:-

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, नियन्त्रण,मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रमको प्रगति मूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीको लागि सिफारिस वा पेश्की फरछ्यौटको लागी सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

१३. साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावनाहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्तावना छनौट समिति गठन गरिनेछः-

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) गाउँपालिका अध्यक्ष - विशेष आमन्त्रित सदस्य

ग) लेखा अधिकृत- सदस्य

घ) योजना अधिकृत-सदस्य

ङ) सम्बन्धित विषय वा शाखाको प्रमुख- सदस्य सचिव

१४. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः प्रस्तावना छनौट समितिले उत्तरगया गाउँपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१५. साझेदारी कार्यक्रमको वडागत कार्यक्रम कार्यान्वयन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको वडागत कार्यक्रम कार्यान्वयन अनुगमन समिति गठन गरिनेछ :–

क. सम्बन्धीत वडाका वडाध्यक्ष – संयोजक

ख. सम्बन्धीत वडाका वडा सचिव – सदस्य

ग. सम्बन्धीत वडाका विषयगत शाखाको कर्मचारी (एक भन्दा बढि भएमा) – सदस्य

घ. विषयगत शाखाको कर्मचारी (एक जना) – सदस्य सचिव

१६. वडागत कार्यक्रम कार्यान्वयन अनुगमन समितिको काम कर्तव्य र अधिकार :

क. वडामा संचालित कार्यक्रमको नियमित अनुगमन मूल्यांकन र नियमित समिक्षा गर्ने ।

ख. लाभग्राही छनोट गर्न सहजिकरण गर्ने ।

ग. कार्यक्रमको प्रगति मूल्यांकनको आधारमा पेश्की फर्छयौट वा भुक्तानीका लागि सिफारिस गर्ने ।

घ. कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

१७. साझेदारीमा संचालित कार्यकमको कार्यान्वयन ढाँचा देहायबमोजिमको हुनेछ :

क. कार्यकमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ ।

ख. कार्यकमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवासुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई अगाडि बढ्न सकिनेछ ।

ग. लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई बैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापना गर्न सकिनेछ ।

घ. साझेदारले कार्यक्रम कार्यान्वयनको कममा लाभग्राहीहरुलाई विभिन्न किसिमका तालिम तथा अभिमुखिकरण कार्यक्रमहरुको व्यवस्था गर्न सक्नेछ ।

ङ. लाभग्राही समूहहरुले कार्यकम मार्फत अनुदान स्वरुप उत्पादन तथा भौतिक सामाग्री र सिप विकास तालिम प्राप्त गर्न सक्नेछन । उक्त सामाग्रीहरुको खरिद नेपाल सरकारको प्रचलित खरिद ऐन बमोजिम हुनुपर्नेछ ।

च.उत्तरगया गाउँपालिकाको साझेदारी हिस्साको बजेट नाफामूलक संस्थाको हकमा कार्यक्रम प्रगतीका आधारमा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा सोधभर्ना वा बैंक जमानतको आधारमा चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ । गैरनाफामूलक संस्थाको हकमा बैंक जमानत बिना अग्रीम पेश्की उपलब्ध गराउन सकिनेछ जस अर्न्तगत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ । कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा हुन नसकेमा उत्तरगया गाउँपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ ।

छ.साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ । आर्थिक लेखांकन नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनुपर्नेछ ।

ज. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाईका आधारमा सोधभर्ना उपलब्ध गराइनेछ वा पेश्की फरछ्यौंट गरिनेछ । साझेदारको तर्फको लागत खर्चको बिल भपाईको एक प्रति समेत उत्तरगया गाऊँपालिकाको कार्यालयमा बुझाउनु पर्ने हुन्छ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

झ.सोधभर्ना भुक्तानी वा पेश्की फरछ्यौटका लागि वडागत कार्यक्रम कार्यान्वयन अनुगमन समितिहरुको प्रतिवेदन र सिफारिस तथा साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समितिको प्रतिवेदन तथा सिफारिस अनिवार्य रुपमा पेश हुनुपर्नेछ ।

ञ.बहुवर्षीय कार्यक्रमको हकमा उत्तरगया गाउँपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समायोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ ।

१८. अनुदान उपलब्ध गराउने हकमा:
पालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।
क. अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा उत्पादन सामाग्री उपलब्ध गराउन सकिनेछ तर नगद अनुदान उपलब्ध गराइने छैन ।
ख. अनुदानको प्रकार र सीमा साझेदारले पेश गरेको कार्यक्रम तथा सुझाव अनुरुप साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिस बमोजिम निर्धारण गरिनेछ।
ग. अनुदानका लागि लाभग्राही छनौटः साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा उत्पादन सामाग्री अनुदान र सिप विकास तालिम प्रदान गर्नको लागी वडागत कार्यक्रम कार्यान्वयन अनुगमन समितिले वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ ।
घ. अनुदान सामाग्री वितरण प्रकियाः
१. अनुदान प्रकियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ ।
२. भौतिक सामाग्री वितरण प्रक्रिया सम्बन्धीत विषयगत शाखाका कर्मचारी र वडा कार्यालयका प्रतिनिधिको रोहबरमा गरिनेछ ।
४. भौतिक तथा उत्पादन सामाग्री अनुदान र सिप विकास तालिम दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रकियाको अभिलेखिकरण राख्नुपर्नेछ ।
५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू-परिवेषको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरी सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित कानुन अनुसार रित पुर्‍याई वितरण गर्न सकिने छ ।

परिच्छेद ५
सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१९. सम्झौताः साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ५** बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

२०. प्रतिवेदनः साझेदारी कार्यक्रमको प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः-
क) कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ६** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।
ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२१. अनुगमन तथा मूल्यांकनः
क.साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समितिले चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।
ख. वडागत कार्यक्रम कार्यान्वयन अनुगमन समितिले मासिक रुपमा अनुगमन मूल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

परिच्छेद ६
विविध

२२. लेखापरीक्षणः
क.साझेदारी कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात वा कार्यक्रम सम्पन्न भए पश्चात प्रचलित कानून बमोजिम उत्तरगया गाउँपालिकाले गर्नु पर्नेछ ।
ख. साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापन पछि नेपालको प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ ।

२३. समन्वयः साझेदारी कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

२४. खर्चमा बन्देजः साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा गाउँकार्यपालिकाको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

२५. कसुर र सजायः
क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।
ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरिने छ र सम्बन्धित संस्थाको नियमन गर्ने संस्थामा पत्राचार गरिनेछ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

२६.पारदर्शिताः साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२७.उत्तरदायित्वःकार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।
२८. संशोधन तथा हेरफेर : यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२९. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः गाउँकार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

३०. प्रचलित कानुन लागु हुनेः साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाउँपालिकाको व्याख्या अन्तिम हुनेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

अनुसूची १

(दफा ५ को खण्ड (ग) सँग सम्बन्धित)

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

बाग्मती प्रदेश, नेपाल

सार्वजनिक निजी साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/ गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी लागि आशयपत्र आह्वानको ढाँचा

सूचना प्रकाशित मिति : ....

उत्तरगया गाउँपालिकाको कृषि तथा तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी गाउँपालिका क्षेत्रमा रोजगार मुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "उत्तरगया गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ (पहिलो संशोधन)" बमोजिम "उत्तरगया गाउँपालिका साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/०८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसाली रुपमा कृषि तथा पशु विकासका क्षेत्रमा ....आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ । संक्षिप्त सुचिमा परेका आशयपत्रदाताहरुलाई आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्नका लागि पछि पत्राचार गरिनेछ ।

यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) गाउँपालिकाको वेवसाइट www.uttargayamun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिकाका जवाफदेही हुनेछैन ।

....

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

बाग्मती प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/नीजि क्षेत्रका लागि आवेदन

पत्रको ढाँचा

मितिः ....

श्री .... ज्यू,
उत्तरगया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बाग्मती प्रदेश, नेपाल

विषयः प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरिएको सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा उत्तरगया गाउँपालिका .... को स्वीकृत कार्यक्रम अनुसार .... उद्देश्यका लागि "................... साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस .... संस्थाले प्राविधिक तथा आर्थिक प्रस्तावनामा पेश गरेको जानकारी अनुरोध छ ।

निवेदक

संलग्न कागजातहरु

क. प्राविधिक तथा आर्थिक प्रस्तावना

ख. सम्बन्धित संस्थाको कागजातहरु

१. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति

२. आ.व. .... को लेखापरिक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखांपरिक्षण प्रतिवेदन १/१ प्रति

३. स्थायी लेखा नम्बर तथा आ.व........... को कर चुक्ताको प्रमाण पत्र १/१ प्रति

४. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात ।

५. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति

६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

माधवप्रसाद अर्याल
अध्यक्ष

अनुसूची ३

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लहरेपौवा , रसुवा

बाग्मती प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/नीजि क्षेत्रका लागि प्रस्तावनाको

ढाँचा

भाग १: प्राविधिक प्रस्तावना

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- ➢ व्यवस्थापन संरचना
- ✓ संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
- ✓ प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षरसहित अनुसूचीमा राख्ने)
- ✓ परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- ➢ मानवीय संशाधन परिचालन
- ➢ परियोजनाको समयावधि

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना

१३. परियोजना हस्तान्तरण

१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

भाग २. आर्थिक प्रस्तावना

- ➢ परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- ➢ कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- ➢ अन्य

माधवप्रसाद अर्याल
अध्यक्ष

अनुसूची ४

(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लहरेपौवा , रसुवा

बाग्मती प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/नीजि क्षेत्रका प्रस्तावना छनौटका आधारहरु

१: संस्थागत क्षमता

- संस्थाको सम्बन्धित विषयगत क्षेत्रमा अनुभव
- कम्तिमा २ वर्षको परियोजना कार्यान्वयनको अनुभव
- नेपाल सरकारको विभिन्न निकाय सँग सझेदारी कार्यमा अनुभव

२. प्राविधिक प्रस्तावना

- संयुक्त उपक्रममा प्रस्तावना पेश गर्ने प्रमुख र साझेदार संस्था बीचको सहमती पत्र
- सम्बन्धित विषयगत क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विवरण
- प्रस्तावित परियोजना कार्यान्वयन विधि र व्यवस्थापन
- परियोजनाको निरन्तरता र दिगोपना

३: वित्तिय प्रस्तावना

- कम्तिमा ३० प्रतिशत नगद लगानीको प्रतिवद्धता
- संस्थाको विगत २ वर्षको आर्थिक कारोवार
- परियोजनाको लागत र प्रभावकारिता

माधवप्रसाद अर्याल
अध्यक्ष

अनुसूची ५

(दफा ११ सँग सम्बन्धित)

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

बाग्मती प्रदेश, नेपाल

साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

.... साझेदारी कार्यक्रम संचालनका लागि उत्तरगया गाउँपालिका र .... संस्था विचको साझेदारी सम्झौता पत्र

१. परिचयः

२. कार्यक्रमको नाम :

३. सम्झौता अवधि :

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारी :

६. दोस्रो पक्षको जिम्मेवारी :

७. बजेट र वित्तीय कार्यविधि :

७.१ परियोजनाको कुल बजेट :

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

७.१.२ बजेट रकमान्तर सम्बन्धमा :

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासा :

७.२.१ बैक खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमाः

७.२.५ विल भरपाई सम्बन्धमाः

७.२.६ विल जारी सम्बन्धमाः

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः

७.२.९ स्थानीय साझेदार सम्बन्धमाः

७.२.१० विस्तृत कार्यकम र वजेट सम्बन्धमाः

८. लेखा परीक्षण तथा प्रतिवेदन

९. अनुगमन तथा मूल्यांकनः

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

९.२ गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था

११. परियोजना हस्तान्तरण

१२. विविध

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति .... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

प्रथम पक्षको तर्फबाट **दोस्रो पक्षको तर्फबाट**

....

साक्षिहरुः **साक्षिहरुः**

....

अनुसूची ६

(दफा १३ को खण्ड (क) सँग सम्बन्धित)

उत्तरगया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

बाग्मती प्रदेश, नेपाल

साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धी (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

माधवप्रसाद अर्याल
अध्यक्ष

आज्ञाले,
दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत